**प्र.मं.प.बै.सं. ३३/२०७६**

**२०७६ साल चैत्र १७ गते सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **सामाजिक विकास मन्त्रालयः-** विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-१९ को रोकथाम तथा उपचारको पूर्वतयारी तथा सोझै खरिद गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने।

२. **COVID-19 को प्रभावकारी नियन्त्रण र रोकथामका लागि देहाय बमोजिम गर्ने गराउने :-**

क) निर्माण क्षेत्रमा कार्यरत मजदुर घर जान चाहेको विशेष अवस्थामा प्रमुख जिल्ला अधिकारीले समन्वय गर्ने, यातायात साधनको व्यवस्था सम्बन्धित निर्माण व्यवसायीले गर्ने, मजदुरको घर भएको जिल्ला र मजदुर रहेको जिल्लाका प्रमुख जिल्ला अधिकारीले प्रयाप्त समन्वय गरी सुरक्षित रुपमा घर जान सक्ने व्यवस्था मिलाउने।

ख) अत्यावश्यक वस्तुको आपूर्ति र कृषिजन्य वस्तुको आपूर्तिका लागि इलाका प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीले आवश्यकता हेरी पासको व्यवस्था गर्ने। साथै खाद्यान्न र कृषि उपजका लागि मात्र इलाका प्रशासन र जिल्ला प्रशासन कार्यालय नरहेको पालिका तहमा पालिका क्षेत्रभित्र मात्र आवतजावत गर्ने गरी सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृतले निश्चित समयका लागि पासको व्यवस्था गर्ने।

ग) प्रदेश भित्रका एम्बुलेन्सको विवरण संकलन र चालु अवस्थामा राख्ने कार्य आन्तरिक मामिला तथा कानून मन्त्रालयले गर्ने, एम्बुलेन्स चालकलाई समेत आवश्यकता हेरी स्वास्थ्य सामाग्री उपलब्ध गराउने।

घ) दैनिक ज्यालादारीमा काम गर्ने र श्रमिक वर्गका लागि आवश्यक खाद्यान्नको व्यवस्था सम्बन्धित पालिकाले गृह मन्त्रालयको मिति २०७६/१२/१६ को निर्णय अनुसार वडा कार्यालय मार्फत गर्ने।

ङ) कोरोना भाइरस (COVID-19) को आशंकामा मृत्यु भएका व्यक्तिको दाहसंस्कार गर्न सम्बन्धित परिवारलाई सम्बन्धित पालिका र सुरक्षाकर्मीले सहयोग गर्ने। यस कार्यका लागि सववाहनको व्यवस्था गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले समन्वय गर्ने।